| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## युएइमा रोजगार

कम्पनी : Moderntech Medical & Laboratory Equipment Repairing Est.

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322241 | चलानी नं. ६०२३६३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 18 | 0 | 1000 | ३७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १६ गते (29th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com

## युएइ/ओमनमा रोजगार

कम्पनी : QAMRAH BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322231 | चलानी नं.६०२३६३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/hair Stylist | 0 | 1 | 1500 | ५५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/nail Technician | 0 | 1 | 1500 | ५५,७४० | | | | | | | |
| 3 | Masseur | 0 | 1 | 1500 | ५५,७४० | | | | | | | |

कम्पनी : AFTER RAIN SPA LADIES SALOON

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322232 | चलानी नं.६०२३६३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/NAIL TECHNICIAN | 0 | 3 | 1500 | ५५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Shama Alalmia Trad Ent

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322318 | चलानी नं.६०२३६३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 1 | 170 | ६०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १६ गते (29th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९


## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**(सूचना प्रकाशन मिति २०८२।१।०९)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१।१२।०७ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्यांकन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/SQ/GOODS-१९/०८१/८२ | Supply and Delivery Of Medicine for basic and emergency health services | लक्ष्मी श्री फार्मेसी, बिराटनगर | रू. ६,१८,३८९.०० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को Website:dhanapalthanmun.gov.np बाट जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ १ नं प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८२।०१।०९)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरु को जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मू.अ.कर. सहित |
|---|---|---|---|
| URL-Blacktopmaintenence-Ward3,5,6&7-W-NCB-29-081/82 | PackageIV, Janchetana marga of ward 3, Aroma hotel, Krishi bikash bank & Hamro bachat agadiko bato of ward 5, Pragati marga Radhika Ma.Vi. uttar Sadak of ward 6, MH-Kanchanjunga to Durga Mandhir of ward 7 Kalopatre marmat tatha Ganga Property Paving of ward 7 | श्री युगल कन्स्ट्रक्सन, उर्लाबारी न.पा- २, मोरङ्ग । | १,०६,२७,४०३।५५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक





## पूर्वमिस नेपाल अस्मीले कसिन् लगनगाँठो

पूर्वमिस नेपाल अस्मी श्रेष्ठ विवाह बन्धनमा बाँधिएकी छन् । उनले सोमबार प्रेमी सशांकलाल श्रेष्ठसँग लगनगाँठो कसेकी हुन् । उनीहरूको विवाह भेनु भने गोप्य राखिएको छ । विवाहमा दुवैको परिवार, आफन्त र साथीहरु सहभागी छन् । बेहुला बेहुलीको पहिरनमा दुवै एकदमै खुसी देखिन्छन् । विवाह समारोह बिहीबारबाटै सुरु भएको थियो । बिहीबार उनको मेहेन्दी समारोह आयोजना भएको छ । अस्मीले प्रेमी शशांकलाल श्रेष्ठसँग २०८० साल पुस १९ गते इन्गेजमेन्ट गरेकी थिइन् ।





# 'जार' नेपाली समाजले भोगेको कथा हो : निर्देशक लामा

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'जार' वैशाख २६ गतेदेखि प्रदर्शनमा आउने फिल्म हो । फिल्म इन्द्रबहादुर राईको कथा 'जार'मा आधारित भएर निर्माण भएको हो । फिल्म फूर्वा छिरिङ लामाले निर्देशन गरेका हुन् ।

'जार'को कथा जति सशक्त छ । फिल्म त्यस्तो बनेको छ कि छैन भन्ने प्रश्नहरू सामाजिक सञ्जालमा उठिरहेका छन् । निर्देशक लामाले कथाको सशक्ततालाई कायम राखेर फिल्म बनाएको बताउँछन् । उनी 'जार'ले नेपाली फिल्मलाई उचाइ दिने नयाँ उचाइ दिने धारणा राख्छन् ।

'विषयका हिसाबले अब्बल र नेपाली समाजले भोगेको कथा हो जार', निर्देशक लामाले रातोपाटीसँग भने 'म समाजको कथा भन्न रुचाउँछु । त्यसैले पनि यो कथा छानेको हो ।' फिल्मको प्राविधिक पक्ष पनि बलियो रहेको उनले दाबी गरे । फिल्मको पोस्ट प्रोडक्सन भारतमा गरिएको हो ।

'इन्द्रबहादुर राईको कथामा सिनेम्याटिक लिबर्टी लिएर काम गरेका छौं । त्यसैले कथा जति राम्रो छ, त्यो भन्दा फिल्म भिजोअल ल्याङ्ग्वेजमा थप बलियो बनेको छ', लामाले थपे 'यो नेपाली समाजको दस्तावेज पनि हो ।' 'जार'को कथा साहित्यकार राईले सन् १८०० को दशकमा नेपाली समाजमा घटेको एक यथार्थ घटनामा आधारित रहेर लेखेका थिए ।

फेरि टेल पिक्चर्सले निर्माण गरेको 'जार'मा सौगात मल्ल, अनुपविक्रम शाही, अभिनेत्री गीताञ्जली थापालगायत कलाकारको अभिनय छ । अभिनेत्री गीताञ्जली थापा 'लायर्स डाइस'बाट भारतीय राष्ट्रिय सिनेमा पुरस्कार विजेता अभिनेत्री हुन् ।

होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्मका कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योति क्षेत्री र पेमा रिन्जिङ लेप्चा हुन् ।

फिल्म नेपाल र भारतसहित अन्तर्राष्ट्रिय बजारमा एकसाथ प्रदर्शनमा हुने बताइन्छ । फिल्म नेपालभित्र एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्दै छ भने अन्तर्राष्ट्रिय वितरकमा सेभेन सिज सिनेमा रहको छ ।

# जितु र वर्षा रहेको 'कार्की साइँला'को शुभ मुहूर्त



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माणाधीन सिनेमा 'कार्की साइँला' को शुभ मुहूर्त गरिएको छ । सोमबार कोटेश्वरको महादेवस्थानमा स्क्रिप्ट पूजा गर्दै सिनेमाको शुभ मुहूर्त गरिएको हो । सिनेमाको मुख्य कलाकार जितु नेपाल वर्षा सिवाकोटी र मुहूर्त सट दिएर सुरु गरिएको थियो ।

मुहूर्तमा जनकदीप पराजुलीले एक्सन कट गरेका थिए भने क्ल्यापमा निर्माता सुशील पोखरेल, क्यामेराको स्विच अन डम्बरबहादुर राईले गरेका थिए साथै निर्माता र कलाकार उग्रसन ढुङ्गानाले नरिवल फोरेर क्यामेरा पूजा गरेका थिए । कर्णबहादुर फिल्मस् प्रालिको ब्यानरमा निर्माण हुने यो सिनेमामा राजेन्द्र बस्नेतको निर्देशन रहनेछ । सिनेमाका प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ हुन् ।

बालकुमार राई निर्माता रहेको सिनेमामा द्वन्द्व राजु किराँती, सङ्गित बाबुल गिरि, नृत्य कमल राई, गीतकार तथा मुख्य सहायक निर्देशक जीवननाथ गौतम र पटकथा संवाद अजित लामिछानेको रहेको छ ।

सिनेमामा वर्षा र जितुको अलावा गीता अधिकारी, मान्सी शर्मा, श्याम मगर मनिल तामाङ रहेको छ । सिनेमाले ग्रामीण जीवनको कथा भन्नेछ । भुइँ मान्छेको कथालाई सिनेमामा प्रस्तुत गरिने निर्देशक बस्नेतले जानकारी दिएका छन् ।

सिनेमाको पात्र एक भरिया हुन् । सिनेमा आगामी वैशाख २० गतेबाट धनकुटा जिल्लाको विभिन्न स्थानमा छायाङ्कन गरिनेछ यो सिनेमाका लागि अन्य केही कलाकारहरूको छनोट प्रक्रिया अगाडि बढाइएको निर्माण पक्षले बताएका छन् ।

# धनुषको 'इडली कढाइ'को सेटमा आगलागी

**नयाँ दिल्ली–** दक्षिण भारतीय अभिनेता धनुषको बहुप्रतिक्षित एक्सन फिल्म 'इडली कढाई' को सेटमा आगलागी भएको छ । सञ्चारमाध्यमहरूका अनुसार चर्को हावाका कारण लागेको आगो एक घण्टाभन्दा बढी समयसम्म बलिरहेको थियो ।

'इडली कढाई' मा धनुषले दोहोरो भूमिका निर्वाह गर्दैछन् । यस फिल्ममा उनको निर्देशन पनि रहेको छ । फिल्म थेनी जिल्लाको एन्डिपट्टीमा छायाङ्कन गरिएको थियो । यसका लागि फिल्म टोलीले नयाँ सेट निर्माण गरेको थियो । यस नयाँ सेटमा २० दिनभन्दा बढी समयसम्म छायाङ्कन जारी रह्यो । रिपोर्टका अनुसार सेटमा अचानक आगलागी भएको थियो ।

निकै प्रयासपछि मात्र अग्नि नियन्त्रकहरूले आगो नियन्त्रणमा लिन सफल भएको बताइएको छ । राम्रो कुरा के रह्यो भने यस घटनामा कोही पनि जलेको वा घाइते भएको खबर छैन । स्रोतका अनुसार आगलागी हुँदा सुटिङ सेटमा कोही पनि थिएनन् । यो कलिउड स्टार नायक धनुषको निर्देशनमा बन्न लागेको चौथो फिल्म हो । डन पिक्चर्सको ब्यानरमा धनुष र आकाश भास्करनले यो फिल्म निर्माण गरिरहेका छन् । उनको अपोजिटमा दक्षिण भारतीय अभिनेत्री नित्या मेनन छिन् ।

फिल्ममा अरुण विजय, सत्यराज, पार्थिवन, शालिनी पाण्डे, प्रकाश राज, समुथिराकणी र राजकिरणको पनि अभिनय रहेको छ । जीभी प्रकाश कुमारद्वारा रचित यो फिल्मको छायाङ्कन लामो समयदेखि चलिरहेको थियो । स्रोतका अनुसार 'इडली कढाई' मा अरुण विजयले खलनायकको भूमिका निर्वाह गरिरहेका छन् । विजयसँग धनुष र अरुणको भिडन्त रोमाञ्चक हुनेछ । फिल्ममा शालिनी पाण्डेले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने निर्माताहरूले पुष्टि गरेका छन् ।



**लुम्बिनी कप**

# एपिएफ सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** कर्णाली प्रदेश प्रदेश फुटबल संघविरुद्ध ६-० को एकतर्फी जित निकाल्दै विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमबार बाँकेको नेपालगञ्ज एपिएफलाई जित दिलाउन रश्मीकुमारी घिसिङ, रेनुका नगरकोटे, गीता राना, अनिता केसी र सविता रानामगरले समान एक गोल गर्दा एक गोल आत्मघाती उपहारस्वरूप प्राप्त भयो । खेलमा रेनुका नगरकोटी 'प्लेयर अफ द म्याच' घोषित भइन् । कर्णालीविरुद्ध एपिएफले राष्ट्रिय टोलीका ९ खेलाडी मैदान उतारेको थियो ।

खेलको १८औं मिनेटमा कर्णालीकी टिना रावतबाट आत्मघाती गोल हुन पुग्दा एपिएफले अग्रता लिएको थियो । सविताको प्रहार टिनालाई लाग्दै गोल भएको थियो ।

रेनुकाले ३५औं मिनेटमा टोलीको अग्रता दोब्बर बनाइन् । अनिताले दुई मिनेटपछि नै गोल गर्दा एपिएफ ३-० ले अगाडि बढ्यो ।

गीताले ५०औं मिनेटमा एपिएफले एपिएफका लागि चौथो गोल गरिन् । एक मिनेटपछि नै रश्मीकुमारीले टोलीलाई ५-० को अग्रता दिलाइन् । सविताले ५५औं मिनेटमा गोल गर्दा एपिएफले ६-० को सानदार जित दर्ता गर्यो ।

योसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । पहिलो सेमिफाइनलमा मंगलबार दुई विभागीय टोली नेपाल पुलिस र त्रिभुवन आर्मी क्लब भिड्नेछन् । यस्तै दोस्रो सेमिफाइनलमा बुधबार एपिएफ र रौतहट जिल्ला फुटबल संघबीच प्रतिस्पर्धा हुनेछ ।

### अञ्जनाको डेब्यू

गोलकिपर अञ्जना रानामगरले विभागीय टोली एपिएफमा डेब्यु गरेकी छन् । नेपालगञ्ज रंगशालामा जारी अन्तराष्ट्रिय आमन्त्रण लुम्बिनी कप महिला फुटबल प्रतियोगितामा कर्णाली प्रदेश फुटबल संघसँग प्रतिस्पर्धामा अञ्जनाले डेब्यू गरेकी हुन् । उनले यसअघि एपिएफलाई एन्फा महिला लिग जिताएकी सावित्री किशनको स्थान लिएकी हुन् ।

करिब एक दशकदेखि आर्मीको जर्सीमा देखिँदै आएकी उनी गत महिना अर्को विभागीय टोली एपिएफमा अनुबन्धित भएकी हुन् ।

# 'वर्ष उत्कृष्ट खेल पत्रकार'को प्रयोजन हेमबहादुर पुन स्मृति प्रतिष्ठानले गर्ने

■ प्रभाव संवाददाता



**पोखरा–** नवौं संस्करणको 'पोखरा स्पोर्टस् अवार्ड २०८१' लाई हेमबहादुर पुन स्मृति प्रतिष्ठान नेपालले सहयोग गर्ने भएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा यही २६ वैशाखमा इभेन्ट सेन्टरमा हुने अवार्डको 'वर्ष उत्कृष्ट खेल पत्रकार' पुरस्कारको प्रायोजन हेमबहादुर पुन स्मृति प्रतिष्ठान नेपालले गर्ने भएको हो ।

सोमबार प्रतिष्ठानका तर्फबाट नवीन पुन र मञ्चका अध्यक्ष एमबी आस्था मगरबीच 'वर्ष उत्कृष्ट खेल पत्रकार' पुरस्कारको प्रायोजन स्वरूप ३५ हजार रूपैयाँ सहयोग गर्नेबारे सम्झौता पत्रमा हस्ताक्षर भयो ।

हेमबहादुर पुन स्मृति प्रतिष्ठान नेपाल समाज सेवाको क्रियाकलापमा अग्रपंक्तिमा रहेको छ भने यसका संरक्षक पूर्वमन्त्री उत्तम पुन हुन् ।

अवार्ड कार्यक्रमको मिति नजिकिँदै गर्दा सहयोगीहरू जोडिने क्रम समेत बढ्न थालेका छन् । नवौं संस्करणको यो अवार्डमा गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको विशेष सहयोग रहेको छ ।

उदीयमान खेलाडी विधाको पुरस्कार प्रायोजन सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षक विधाको पुरस्कार प्रायोजन टाइगर ग्रुप अफ पोखरा नेपाल, उत्कृष्ट खेलकुद संस्था विधाको पुरस्कार प्रायोजन निट डेन्टल केयर र लाइफटाइम अचिभमेन्ट अवार्डको प्रयोजन सिटिजन फर्निचरले गर्ने सम्झौता भइसकेको छ । जिल्ला एथ्लेटिक्स संघ कास्कीले ११ हजार १ सय ११ रूपैयाँ, मदन भण्डारी स्पोर्टस् एकेडेमीले १ सय थान टिसर्ट सहयोग गर्ने सम्झौता भइसकेको छ ।

खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई ऊर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आइरहेको छ । अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिदै आएको मञ्चले जनाएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो ।

# बराबरीमा रोकिए मध्यपुर र आरसिटी

■ प्रभाव संवाददाता



**काठमाडौं–** मध्यपुर युथ एसोसिएसन र र अन्नापूर्ण क्लल (आरसिटीले सहिद स्मार 'बी' डिभिजन लिगमा सोमबार गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन् ।

यो नतिजासँगै मध्यपुरले सात खेलबाट आठ अंक जोडेको छ भने आरसीटी पाँच अंकसहित रेलिगेसन क्षेत्रमा छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा दुवै टोलीले पाएक केही अवसरलाई सदुपयोग गर्न सकेनन् ।

सोमबारै सम्पन्न खेलमा श्री कुमारीले श्री टुसाललाई २-१ ले हराउँदै लगातार तेस्रो जित दर्ता गरेको थियो ।



फ्रान्सको पेरिसमा पोप फ्रान्सिसको मृत्युपछि सोमबार उनको सम्मानमा ८८ पटक घण्टी बजाइएको नोट्रे-डेम क्याथेड्रल अगाडि भेला भएका मानिसहरू । *तस्बिरः एएफपी*

# पोप फ्रान्सिसको निधन

## विश्व नेताहरूबाट श्रद्धाञ्जलि व्यक्त

**भ्याटिकन सिटी–** पोप फ्रान्सिसको सोमबार ८८ वर्षको उमेरमा निधन भएको छ । इस्टर आइतबार सेन्ट पिटर्स स्क्वायरमा धेरै आशा गरिएको उपस्थिति देखाएको एक दिनपछि भ्याटिकनले एक वक्तव्यमा पोपको निधन भएको बताएको छ ।



'प्रिय दाजुभाइ र दिदीबहिनीहरू, मैले गहिरो दुःखका साथ हाम्रा पवित्र पिता फ्रान्सिसको निधनको घोषणा गर्नुपर्दछ,' कार्डिनल केभिन फारेलले भ्याटिकनद्वारा आफ्नो टेलिग्राम च्यानलमा प्रकाशित वक्तव्यमा भने, 'आज (सोमबार) बिहान ७:३५ बजे (०५:३५ जिएमटी) रोमका बिशप, फ्रान्सिस, पिताको घरमा फर्किनुभयो, उहाँको सम्पूर्ण जीवन प्रभु र उहाँको चर्चको सेवामा समर्पित थियो ।'

गम्भीर बिमारीपछि अझै पनि आराम गरिरहेको भएता पनि इस्टर आइतबार सेन्ट पिटर्स बेसिलिका बालकोनीमा देखापरेर भ्याटिकनमा भक्तहरूको भीडलाई प्रसन्न तुल्याएको ठीक एक दिनपछि फ्रान्सिसको निधन भयो । फ्रान्सिस यस वर्ष निमोनियाबाट पीडित हुँदा दुईपटक मृत्युको नजिक पुगेका थिए । मार्च २३ मा डिस्चार्ज हुनुअघि उनले अस्पतालमा ३८ दिन बिताए ।

आइतबार उनले सेन्ट पिटर्स स्क्वायरमा भीडलाई हात हल्लाउँदै 'शुभ इस्टर' शुभकामना दिए र आफ्नो परम्परागत 'उर्बी एट ओर्बी' (सहर र विश्वलाई) आशीर्वादमा उनले विचारको स्वतन्त्रता र सहिष्णुताको आह्वान गरे ।

### पोप फ्रान्सिसको निधनप्रति विश्व नेताहरूको श्रद्धाञ्जली

क्याथोलिक धर्मगुरु पोप फ्रान्सिसको ८८ वर्षको उमेरमा भएको निधनले संसारभर शोकको लहर फैलिएको छ । विश्वभरका नेताहरूले उनको विनम्रता, करुणा र मानवताप्रतिको समर्पणको उच्च प्रशंसा गर्दै श्रद्धासुमन अर्पण गरेका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पोप फ्रान्सिसले सधैं युक्रेन र त्यहाँका जनताको शान्तिका लागि प्रार्थना गरेको सम्झना गर्दै गहिरो दुःख व्यक्त गरे । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उनलाई बुद्धिमान, न्यायप्रिय र धार्मिक सहकार्यका पक्षपाती व्यक्तित्वका रूपमा वर्णन गरे ।

बेलायती प्रधानमन्त्री केर स्टार्मरले पोपको नेतृत्व कठिन समयमा पनि साहसी र विनम्र रहँदै आएको बताए भने राजा चार्ल्सले उनीप्रति गहिरो श्रद्धा व्यक्त गरे । उनले भने, 'उहाँले मानिस र प्रकृतिप्रतिको प्रेममार्फत धेरैको जीवनमा गहिरो प्रभाव पार्नुभयो ।'

अर्जेन्टिनाका राष्ट्रपति जेभियर माइलीले वैचारिक भिन्नता हुँदाहुँदै पनि पोपको सौम्यता र बुद्धिमत्ताबाट आफू प्रेरित भएको बताए । फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले उनलाई सधैं पीडित र कमजोरहरूको पक्षमा उभिने करुणामय व्यक्तित्वका रूपमा सम्झिए ।

इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले 'यो मानवजातिका लागि गहिरो क्षतिको घडी हो' भन्दै श्रद्धाञ्जलि अर्पण गरे । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पोपलाई करुणा, विनम्रता र आध्यात्मिक साहसको प्रतिक बताउँदै भने, 'उहाँसँगको भेट स्मरणीय रह्यो र उहाँको समावेशी तथा समग्र विकासप्रतिको दृष्टिकोणले मलाई गहिरो प्रेरणा दिएको छ ।'

इजरायलका राष्ट्रपति आइज्याक हेर्जोगले पोपले यहूदी समुदायसँगको सम्बन्ध मजबुत पार्न महत्त्वपूर्ण योगदान दिएको स्मरण गरे । फलस्तीनी राष्ट्रपति महमुद अब्बासले पोपलाई फलस्तीनी जनताको सच्चा मित्र भन्दै श्रद्धाञ्जलि अर्पण गरे । स्पेन, जर्मनी, इजिप्ट, केन्या, फिलिपिन्सलगायत विभिन्न देशका नेताहरूले पनि पोप फ्रान्सिसप्रतिको आफ्नो सम्मान, माया र प्रेरणालाई गहिरो भावनाका साथ अभिव्यक्त गरेका छन् । पोप फ्रान्सिसको सादगी, सहिष्णुता र सबैप्रतिको प्रेम भावले विश्वभरका करोडौं मानिसको हृदय छुने काम गरेको छ । *रासस/एएफपी*

पहिलो १०० दिनमा ट्रम्प

# युक्रेनलाई एक्ल्याए, रुसलाई प्रोत्साहित




**वार्सा–** डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा फर्किएको '२४ घण्टा' भित्र युक्रेन र रुसबीच युद्धविराम गराउने वाचा गरेका छन् । तीन महिना बितिसक्दा र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनद्वारा घोषित छोटो इस्टर युद्धविरामका बावजुद युद्ध अझै जारी छ र युद्धविरामको सम्भावना पहिलेभन्दा अनिश्चित छ ।

अमेरिकी राष्ट्रपति आफ्नो प्रशासन र रूसी अधिकारीहरूबीच बारम्बार वार्ता भए पनि मस्कोबाट कुनै पनि प्रमुख छुटहरू निकाल्न असफल भएका छन् र सार्वजनिकरूपमा युक्रेनका युद्धकालीन नेता भोलोदिमर जेलेन्स्कीलाई 'तानाशाह' भएको आरोप लगाएका छन् । यसैबीच उनले पुटिनसँग न्यानो सम्बन्धको खोजी सुरु गरेका छन् । यसले किएभलाई एक्ल्याएको छ भने वासिङ्टन र युरोपबीच फाटो ल्याएको छ ।

ह्वाइट हाउससँग घनिष्ठ सम्बन्धको सम्भावनामा रुसका धेरैजना खुसी छन् भने युक्रेनमा दीर्घकालीन शान्तिको विचार मलिन भएको छ । 'केही भइरहेको छैन । वास्तविक शब्दमा, मानिसहरूले हरेक दिन साइरन सुन्छन्, बमहरू देख्छन् र मानिसहरू मारिन्छन्,' किएभ स्कुल अफ इकोनोमिक्सका प्रमुख टिमोफी माइलोभानोभले एएफपीलाई भने, 'पुटिनले मूलतः सबैलाई मूर्ख बनाइरहनुभएको छ ।'

ट्रम्पको जनवरीमा पदवहाली भएयता अमेरिकी अधिकारीहरूले युद्धविराममा पुग्ने प्रयासमा रुसी र युक्रेनी प्रतिनिधिमण्डलहरूसँग धेरै चरणको वार्ता गरेका छन् । यसैबीच रुसले युक्रेनमाथि आक्रमण जारी राखेको छ । पछिल्ला दुई हप्तामा मात्र ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा दर्जनौं मानिस मारिएका छन् । युक्रेनको सेनाले रुसको पश्चिमी कुर्स्क क्षेत्रमा पनि आफ्नो पकड गुमाएको छ । कुर्स्क उनीहरूको एकमात्र उल्लेखनीय सौदाबाजीको चिप थियो ।

'अहिलेसम्म त्यहाँ कुनै परिवर्तन भएको छैन, वास्तवमा हाम्रो सहरमा यो झन् खराब भएको छ,' युक्रेनको सुमीकी २९ वर्षीया फोटोग्राफर अन्ना क्लिस्किनाले ट्रम्पको बारेमा भनिन् । अप्रिल १३ मा दुई रूसी ब्यालेस्टिक मिसाइलहरू क्लिस्किनाको सहरमा प्रहार हुँदा ३५ जनाको मृत्यु भयो र १०० भन्दा बढी घाइते भएका थिए ।

ट्रम्पको प्रयासका बावजुद युद्धविराममा खासै प्रगति भएको छैन । पुटिनले मार्चमा आफूमाथि प्रस्तुत गरिएको विनासर्त र पूर्णयुद्धविरामका लागि अमेरिकी-युक्रेनी संयुक्त प्रस्तावलाई अस्वीकार गरे । दुवै पक्षले ऊर्जा लक्ष्यहरूमा आक्रमण रोक्न सहमति जनाए । यद्यपि कुनै औपचारिक सम्झौता कहिल्यै स्थापित गरिएन । दुवैले एक अर्कालाई यसको उल्लंघन गरेको आरोप लगाए र रुसले शुक्रबार आदेश 'समाप्त भएको' बतायो ।

मस्कोको सेना पूर्वी युक्रेनको युद्धभूमिमा गत वर्षको अन्त्यको तुलनामा सुस्त गतिमा अघि बढेको छ । रुसी सेनाले किएभको सेनालाई कुर्स्क क्षेत्रबाट लगभग पूर्णरूपमा बाहिर धकेलेको छ र युक्रेनको उत्तरपूर्वी सुमी क्षेत्रको सीमावर्ती क्षेत्रहरूमा अघि बढेको छ ।

युक्रेनी सैनिक ओलेक्सान्डरले ट्रम्पका बारेमा सधैं 'नकारात्मक' धारणा रहेको बताए । 'र, यो यस्तै रहन्छ,' २२ वर्षीय युवाले आफ्नो ब्रेकमा सुमीको बेन्चमा बसेर एएफपीलाई भने, 'उहाँ राजनीतिज्ञ हुनुहुन्न, उहाँ एकजना शोम्यान हुनुहुन्छ ।' ट्रम्प प्रशासनले मार्चमा छोटो समयका लागि युक्रेनलाई सैन्य सहायता कटौती गरेको थियो । यसले किएभलाई ठूलो धक्का दिएको थियो । यो निर्णय ट्रम्पका पूर्ववर्ती जो बाइडेनको युक्रेनलाई समर्थन गर्न 'जे पनि गर्नुपर्छ, जब सम्म गर्नुपर्छ' भन्ने नीतिको आश्चर्यजनक परिवर्तन थियो ।

ट्रम्पले पटक-पटक रुसी कुरा गर्ने बिन्दुहरू दोहोर्‍याएका छन् । उनले एक पटक जेलेन्स्कीलाई प्रतिस्थापन गर्न नयाँ चुनावको आह्वान गरेका छन् । यसलाई उनले झूठो रूपमा 'चार प्रतिशत स्वीकृति रेटिङ' भएको दाबी गरेका छन् ।

फेब्रुअरीमा ओभल अफिसमा भएको टेलिभिजन बैठकमा ट्रम्पले जेलेन्स्कीलाई हप्काएर 'अशिष्ट' भएको भन्दै वासिङ्टनका सहयोगीहरूलाई स्तब्ध पारेपछि दुईबीचको तनाव चरममा पुगेको थियो । सुमीमा रुसको घातक आक्रमणको केही दिनपछि ट्रम्पले जेलेन्स्की र युक्रेनको आलोचना फेरि गरे । 'तपाईंले आफ्नो आकारभन्दा २० गुणा ठूलो कसैसँग युद्ध सुरु गर्नुहुन्न,' उनले जेलेन्स्कीलाई उल्लेख गर्दै भने । रुसले फेब्रुअरी २०२२ मा आफ्नो छिमेकीमाथि आक्रमण गरेको थियो ।

### जसको कमी छ त्यो शान्ति हो

ट्रम्पले रुसलाई सम्झौता गर्न 'अगाडि बढ्न' आदेश दिँदै र गत महिना एनबिसी न्युजलाई पुटिनसँग 'रिसाएको' बताएका थिए । तर स्वर पहिलेभन्दा बढी मेलमिलापकारी छ ।

वासिङ्टनले संयुक्त राष्ट्रसंघमा दुईपटक मस्कोको पक्षमा मत दिएपछि क्रेमलिनले मार्चमा ट्रम्पको विदेश नीतिमा नाटकीय परिवर्तन धेरै हदसम्म रुसको दृष्टिकोणसँग मिल्दछ भनेको थियो ।

सानो रुसी सहर भेरेयामा बस्नेहरूका लागि यो पुनर्मिलनले आशाको भावना दिएको थियो । 'रुसका लागि सबै कुरा ठीक हुने छ,' २० वर्षीया वेट्रेस अलिसाले भनिन्, 'मैले समाचारमा जे सुनें त्यो यो थियो कि पुटिन र ट्रम्पबीच कुराकानी भयो र ती धेरै सफल थिए- मेरो विचारमा जस्तो मलाई लाग्छ तिनीहरू थिए र मलाई लाग्छ हामी त्यसका कारण धेरै राम्रो हुने छौं, जुन कुराको कमी छ त्यो शान्ति हो ।' ३७ वर्षीया एलेना सोलोड्काया बढी शंकालु थिइन् । 'तपाईंले राजनीतिज्ञहरूमा आफ्नो आशा राख्नु हुँदैन,' उनले भनिन्, 'ट्रम्पका बारेमा, होइन ।' *रासस/एएफपी*

# इस्टर बम विष्फोटको वार्षिकोत्सवमा मौन मार्च

**कोलम्बो–** श्रीलंकाका क्याथोलिकहरूले सोमबार इस्टर बम विष्फोटको छैटौं वार्षिकोत्सव मौन मार्च र न्यायको मागसहित मनाएका छन् । सन् २०१९ अप्रिल २१ मा तीन चर्च र तीनवटा होटललाई लक्षित गरी गरिएको बम विस्फोटको थुप्रै अनुसन्धानहरूले इस्लामिक स्टेट समूहसँग सम्बद्ध भएको दाबी गर्ने स्वदेशी जिहादीहरूले आक्रमण गरेको निष्कर्ष निकालेका थिए ।



यद्यपि यस मुलुकको क्याथोलिक चर्चले लगातारका सरकारहरूलाई आक्रमणको पछाडि रहेका मानिसहरूलाई जोगाएको आरोप लगाएको छ र धेरै उच्चस्तरीय अनुसन्धानहरूले सैन्य गुप्तचर एकाइहरू र बम विस्फोटकारीहरू बिचको सम्बन्ध पहिचान गरेको छ । श्रीलंकाको चर्चका प्रमुख कार्डिनल माल्कम रञ्जितले राजधानी कोलम्बोमा मार्चको नेतृत्व गरे । मार्चमा उनले पीडितहरूका लागि बहुधार्मिक समारोहको अध्यक्षता गरे जसमा ४५ विदेशी थिए । पीडितका सयौं आफन्तले सेन्ट लुसिया क्याथेड्रलबाट नजिकैको सेन्ट एन्थोनी चर्चसम्म पदयात्रा गरे । त्यहाँ पहिलो आत्मघाती आक्रमण भएको थियो । देशभरका सबै रेडियो र टेलिभिजन च्यानलहरूले सम्मानको प्रतीकका रूपमा दुई मिनेटका लागि आफ्नो प्रसारण मौन गरे ।

भ्याटिकनले मारिएका १६७ क्याथोलिकलाई 'आस्थाका साक्षीहरू'का रूपमा मान्यता दिएको र उनीहरूलाई सम्भावित सन्तत्वको बाटोमा राखेको रञ्जितले घोषणा गरे । 'यसको उद्देश्य साक्षीको स्मृतिलाई निरन्तर प्रचार र संरक्षण गर्नु हो,' उनले भने । राष्ट्रपति अनुराकुमार दिसानायकेले वार्षिकीको पूर्वसन्ध्यामा सन् २०२१ को राष्ट्रपति जाँच आयोगको अन्तिम प्रतिवेदनको समीक्षा हुने बताए । दिसानायकेको कार्यालयले आक्रमणमा संलग्नहरूविरुद्ध कारबाहीका लागि प्रहरीलाई प्रतिवेदन हस्तान्तरण गरिएको बताएको छ ।

चर्चका नेताहरूले राष्ट्रिय सुरक्षाको मञ्चमा अभियान चलाइरहेका सेवानिवृत्त सेना अधिकारी गोटाबाया राजपाक्षेको राजनीतिक सम्भावनालाई बलियो बनाउन सैन्य गुप्तचर अधिकारीहरूले बम विष्फोटको योजना बनाएको आरोप लगाएका छन् । राजपाक्षेले सात महिनापछि राष्ट्रपति पद जितेका थिए । राजपाक्षेलाई सन् २०२२ जुलाईमा अभूतपूर्व आर्थिक संकटका कारण खाद्यान्न, इन्धन र औषधिको अभाव भएपछि महिनौंको विरोध प्रदर्शनपछि पदबाट हटाइएको थियो । *रासस/एएफपी*

## गाजाको ६९ प्रतिशत भूभागमा इजरायलको निकासी आदेश : राष्ट्रसंघीय एजेन्सी

**गाजा–** प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्ल्युए) ले आइतबार गाजा पट्टीको ६९ प्रतिशत भूभाग इजरायली निकासी आदेशअन्तर्गत रहेको बताएको छ ।

इजरायली सेनाले मार्च १८ र अप्रिल १४ को बीचमा कम्तीमा २० वटा निकासी आदेश जारी गरेको युएनआरडब्ल्युएले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ । एजेन्सीका अनुसार हाल गाजामा स्थापित ११५ आश्रय स्थलमा ९० हजारभन्दा बढी विस्थापित मानिस रहेका छन् ।

इजरायली गोलाबारी र सात हप्ता लामो सहायता नाकाबन्दीका कारण गाजामा पहिले नै गम्भीर मानवीय अवस्था बिग्रँदै गएको चेतावनी दिँदै मार्च १८ मा युद्धविराम भंग भएपछि करिब चार लाख २० हजार मानिस पुनः विस्थापित भएको एजेन्सीले जनाएको छ ।

युएनआरडब्ल्युएले गाजामा चाँडै युद्धविराम, बन्धकहरूको रिहाइ र गाजामा मानवीय सहायता तथा व्यावसायिक आपूर्तिको निर्बाध प्रवाहको आवश्यकतामा जोड दिएको छ । इजरायलले मार्च २ देखि गाजामा सबै मानवीय सहायताको प्रवेश अवरुद्ध गरेको छ । त्यसपछि उसले हमाससँगको दुई महिनाको युद्धविराम समाप्त गरी गाजामा घातक हवाई र भूमि आक्रमण पुनः सुरु गरेको छ ।

युद्धविरामपछिको इजरायली आक्रमणमा एक हजार ८२७ प्यालेस्टिनीको मृत्यु हुनुका साथै चार हजार ८२८ घाइते भएको गाजाका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । *रासस/सिन्ह्वा*


**सूचना**

**नेपाल बिजनेस मिडिया प्रा.लि.** द्वारा सञ्चालित www.nepalprofit.com (नेपाल प्रफिट) नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा २०८१ चैत २३ गतेभित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका वडा नम्बर १० (मोबाइल नम्बर ९८५११५०८३२ वा इमेल nepalprofit@gmail.com वा dracharya22@gmail.com) मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै, समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**

प्रकाशित मितिः २०८२/०१/०९

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Gulf Jobs Hunts Manpower Pvt. Ltd.** (ई.प.नं.८७२/०६६/६७० को संचालक/सेयरधनीले आफ्नो नाममा कायम रहेको सेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम सेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०१/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम सेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक सेयरधनी नाम र सेयर संख्या | अब कायम हुने सेयरधनीको नाम र सेयर संख्या |
|---|---|
| १. पुष्प कुमार ओली ००१ देखि ४०००० सम्म | १. बाबुराम न्यौपाने ००१ देखि ४०००० सम्म |

**वेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिसैया, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८२/०१/०९

यस कार्यालयबाट मिति २०८१/११/२२ मा प्रथम पटक प्रकाशित बोलपत्र आब्हान सम्बन्धि सूचना बमोजिम देहाय बमोजिमको कार्यमा पर्न आएका बोलपत्रहरुको यस नगरपालिकाको बोलपत्र मुल्यांकन समितिले सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम मुल्यांकन गरि सिफारिस गरेबमोजिम तपशिलमा उल्लेखित बोलपत्रदाताले न्युनतम रुपमा कबोल गरेको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही समेत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बंधित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का न | कामको विवरण | फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | 15/NCB/TMP/ 2081/082 | बेदकोट तालमा पंचायन देवताको मन्दिर निर्माण गर्ने कार्य, बेदकोट-३, कंचनपुर । | R.P.S./Saman Nirman Jv | रू ४५,४३,४५५।०० भ्याट र पी एस बाहेक | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९१००० | प्रति तोला – ० | प्रति तोला – १९६० |



**मकैका खोस्टाका हस्तकला**

३० दिने सिपमूलक तालिममा सहभागी महिलाहरूले बनाएका मकैका खोष्टाबाट निर्मित झोला र टोपीलगायतका हस्तकला सामग्री । मोरङको पथरी शनिश्चरे नगरपालिकाद्वारा 'स्थानीय स्रोत र साधन, रोजगारी सिर्जनाको प्रमुख आधार' भन्ने मूल नाराका साथ नगरभित्रका महिलाहरूका लागि गत चैत १२ देखि वैशाख १० गतेसम्म गरी एक महिने सिपमूलक तालिम सञ्चालन गरेको छ । *तस्बिरः गोपाल काफ्ले/रासस*

# नौ महिनामा साढे ६२ अर्बको भटमास तेल निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले निर्यात गर्ने वस्तुहरूमा सबैभन्दा ठूलो हिस्सा भटमास तेलको देखिएको छ । नेपालको आफ्नै उत्पादन नभई विदेशबाट अर्धप्रशोधित भटमास तेल (क्रुड सोयाबिन आयल) आयात गरेर प्रशोधित तेलका रूपमा निर्यात हुने गरेको हो ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्मको नौ महिनामा नेपालले कुल रू एक खर्ब ८८ अर्ब १९ करोड ५० लाख ७० हजार बराबरको सामान निर्यात गरेको छ । यो अवधिमा भटमासको तेल मात्रै रू ६२ अर्ब ७८ करोड २३ लाख ३० हजार बराबरको निर्यात भएको छ । अर्थात् नेपालले गर्ने कुल निर्यात रकमको एक तिहाई भटमास तेलको निर्यातबाट आइरहेको छ ।

त्यस्तै, अहिले नेपालले बढी निर्यात गरेका वस्तुको दोस्रो स्थानमा सूर्यमुखी तेल छ । नौ महिनामा रू नौ अर्ब २३ करोड २७ लाख ६० हजार बराबरको सूर्यमुखी तेल निर्यात भएको छ । यसमा पनि अर्धप्रशोधित सुर्यमुखी तेल आयात गरेर त्यसलाई प्रशोधन गरी भारत निर्यात गर्छ ।

भन्सार विभागका निर्देशक नारायणप्रसाद रेग्मीका अनुसार दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) को सुविधाका रूपमा नेपालका व्यवसायीहरूले खानेतेलमा एक तहको प्रशोधन र मूल्य अभिवृद्धि गरी लाभ पाएका छन् । 'यसमा हाम्रा छिमेकी देशहरूले अरु मुलुकहरूबाट आयात गर्दा कति भन्सार महशूल लाग्छ भन्ने कुराले अर्थ राख्छ । साफ्टा सुविधाअन्तर्गत भारतले नेपाललाई भन्सार छुट सुविधा उपलब्ध गराइरहेकोमा त्यसलाई नेपाली व्यवसायीले अवसरको रूपमा लिए', उनले भने ।



भारतले तेस्रो मुलुकबाट आयात गर्ने तेलमा बढी भन्सार लाग्ने तर नेपालले साफ्टा सुविधाअन्तर्गत भन्सार छुट पाउने भएका कारण सस्तो मूल्यमा तेल निर्यात गर्न सम्भव भएको हो । विगतमा पाम तेलको निर्यात सबैभन्दा बढी हुने गरेको थियो । तर २०७७ पुसमा नेपालबाट हुने पाम तेल निर्यातमा भारतले कडाइ गरेको थियो । त्यसयता भटमासको तेलको निर्यात बढ्दै गएको देखिन्छ ।

प्रशोधित तेलको निर्यात बढेसँगै नेपालको समग्र निर्यातको अंकसमेत बढेको देखिएको छ । गत आर्थिक वर्षको चैत मसान्तको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा मात्र निर्यात ६५ दशमलव १६ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको चैत मसान्तसम्मको कूल निर्यात रू एक खर्ब १३ अर्ब ९४ करोड बराबर थियो । जबकि चालु आर्थिक वर्षको सोहि अवधिमा रू एक खर्ब ८८ अर्ब १९ करोड ५० लाख बराबर पुगेको छ ।

नेपालले निर्यात बढी गरेको अन्य वस्तुहरूमा कार्पेट, धागो, चियालगायत छन् । यो अवधिमा कार्पेट रू आठ अर्ब नौ करोड ७५ लाख ३५ हजार बराबरको निर्यात भएको छ भने अलैंची रू छ अर्ब २६ करोड नौ लाख बराबरको निर्यात भएको छ ।

चालु आवको तेस्रो त्रैमाससम्ममा मुलुकले कुल रू १४ खर्ब ९७ अर्ब ७२ करोड ७९ लाखको वैदेशिक व्यापारमा रू ११ खर्ब २१ अर्ब ३३ करोड ७७ लाखको घाटा व्यहारेको छ । यो अवधिको कुल वस्तु निर्यात रू १३ खर्ब नौ अर्ब ५३ करोड २८ लाख बराबरको छ ।

नेपालले बढी आयात गर्ने वस्तुहरूमा पेट्रोलियम पदार्थ शीर्ष स्थानमा छ । पछिल्लो नौ महिनामा रू ९१ अर्ब २६ करोड तीन लाख बराबरको डिजेल रु ४७ अर्ब ७७ करोड ६४ लाख बराबरको पेट्रोल र रू ४६ अर्ब ५८ करोड ७० लाख बराबरको एलपी ग्यास आयात गरेको छ ।

त्यस्तै, नेपालले बढी आयात गर्ने वस्तुहरूमा पनि कच्चा (क्रुड) भटमास तेल र कच्चा सूर्यमुखी तेल पनि पर्दछन् । गत साउन देखि चैत मसान्तसम्ममा रू ६६ अर्ब पाँच करोड बराबरको अर्धप्रशोधित सोयाबिन तेल र रू २२ अर्ब ६४ करोड बराबरको अर्धप्रशोधित सनफ्लावर तेल आयात भएको छ ।

नेपालले बढी आयात गर्ने अन्य वस्तुहरूमा फलाम तथा फलामजन्य वस्तु, स्मार्टफोन, सुन, विद्युतीय सवारी साधनलगायत छन् । नौ महिनामा रू ३७ अर्ब ८९ करोड बराबरको फलाम तथा फलामजन्य वस्तु, रू २५ अर्ब ३८ करोड बराबरको स्मार्टफोन र रू १० अर्ब ९४ करोड ७९ लाख बराबरको विद्युतीय सवारीसाधन आयात भएको हो ।

# १२२ करदातामाथि कारबाही

**बागमती (प्रस)–** आन्तरिक राजस्व कार्यालय मकवानपुर हेटौंडाले लामो समयदेखि कर नबुझाउने १२२ जना करदातामाथि कारबाही अघि बढाएको छ । दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता, आयात निर्यात र सम्पत्ति रोक्काका लागि कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिए ।

कर नबुझाएका करदाताबाट करिब रु ६० करोडभन्दा बढी बक्यौता उठाउन बाँकी रहेको सो कार्यालयले जनाएको छ । 'पटक-पटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाएका छौं', प्रमुख कर अधिकृत सुवेदीले भने, 'त्यही भएर हामीले करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्काका लागि प्रक्रिया अघि बढाएका छौं ।' कानुनी प्रक्रिया अघि बढाएपछि केही करदाता कर बुझाउनसमेत आउने गरेको उनको भनाइ थियो ।

यस्तै आन्तरिक राजस्व कार्यालय हेटौंडा मकवानपुरले चालु आर्थिक वर्ष २०८१/८२ को नौ महिनाको अवधिमा रु चार अर्ब ८७ करोड ५९ लाख राजस्व संकलन गरेको छ । यो लक्ष्यको ८२ दशमलव ३२ प्रतिशत संकलन भएको हो । कार्यालय प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ को नौ महिनाको अवधिमा रु छ अर्ब चार करोड ५४ लाख ३६ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रु चार अर्ब ८७ करोड ५९ लाख छ हजार राजस्व संकलन भएको छ ।

चालु आव २०८१/८२ मा रु आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने वार्षिक लक्ष्य रहेको प्रमुख सुवेदीले बताए । सो कार्यालयमा आयकरतर्फ ३४ हजार २२९, मूल्य अभिवृद्धि तर्फ पाँच हजार ९५३, अन्तशुल्कतर्फ एक हजार ६११, विथहोल्डतर्फ ७१३ र व्यक्तिगत तर्फका ८४ हजार ४२९ करदाता रहेका छन् ।

## कर्पोरेट

### मुक्तिनाथ फुड बैंकको आइपिओ आउने



**काठमाडौं (प्रस)–** मुक्तिनाथ क्यापिटल लिमिटेड र मुक्तिनाथ फुड बैंक लिमिटेडबीच संस्थागत परामर्श सेवा सम्बन्धी दुई पक्षीय सम्झौता सम्पन्न भएको छ । मुक्तिनाथ क्यापिटलले संस्थागत परामर्श सेवा अन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीहरूलाई कम्पनीको स्थापना काल देखि सर्वसाधारणलाई प्राथमिक सेयर निष्काशन जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउदै आईरहेको छ । एक कार्यक्रमका बिच मुक्तिनाथ फुड बैंकका तर्फबाट सञ्चालक मोहनकुमार बस्नेत र मुक्तिनाथ क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कबिन्द्रध्वज जोशीले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

संस्थागत परामर्श सेवा सहित पूँजी संरचना परिवर्तन, हकप्रद सेयर निष्काशन, पूँजी संकलन लगायतका कार्य गर्न आवश्यक परामर्श लिन तथा कम्पनीको प्रबन्धपत्रमा उल्लेखित उद्देश्य बमोजिम कार्य गर्न आवश्यक सहजिकरणको लागि उक्त सम्झौता गरिएको हो । मुक्तिनाथ फुड बैंक लिमिटेड, धितोपत्र बजारमा सुचिकृत भई कृषि मूल्य श्रृंखला विकासमा कार्यरत मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सहायक कम्पनीको रूपमा २०७९ सालमा स्थापना भएको कम्पनी हो ।

### सिन्धु विकास बैकको सूचकमा सुधार

Sindhu Bikash Bank Ltd
सिन्धु विकास बैंक लि

**काठमाडौं (प्रस)–** सिन्धु विकास बैकले चालु आर्थिक वर्षको त्रेस्रो त्रैमासिक अवधिको वित्तिय विवरण प्रकाशित गरेको छ । बैकको सबै सूचकमा उल्लेख्य प्रगति देखिएको छ । बैकले चालु आ.ब.को नौ महिनाको अवधिमा रु. ७ करोड ८४ लाख खुद नाफा कमाएको छ अघिल्लो आ.ब.को सोही अवधिमा बैकको खुद नोक्सान रु. ५ करोड ४० लाख रहेको थियो । दोस्रो त्रैमासिक अवधिमा ८.२२ प्रतिशत रहेको पुंजीकोष अनुपात तेस्रो त्रैमासिक अवधिमा उल्लेख्य रूपमा सुधार भई ११.४९ प्रतिशत पुगेको छ ।

नेपाल राष्ट्र बैकले तोकेको न्यूनतम पुंजीकोष अनुपात १० प्रतिशत भन्दा कम भएकाले सिघ्र सुधारात्मक कारवाहीमा परेको बैकले पुँजीकोषमा सुधार भएपछि उक्त कारवाहीबाट हट्ने विश्वास लिएको बताएको छ । चैत्र मसान्तमा बैकको प्रति सेयर आम्दानी रु. १८.७६ रूपैया, निष्कृय कर्जाको अनुपात ८.६४ प्रतिशत, तरलता अनुपात ३६.३६ प्रतिशत र नेटवर्थ प्रतिसेयर रु. ७९.८९ रहेको छ ।

हालैमात्र बैकले विगत दुई आर्थिक वर्षको वार्षिक साधारण सभा सम्पन्न गरेको थियो भने नेपाल राष्ट्र बैकले प्रादेशिक स्तरको विकास बैकको लागि तोकेको न्यूनतम चुक्ता पुंजी रु. १२० करोड पुऱ्याउन हालकायम रहेको चुक्ता पुंजीको ११६ प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव पनि पारित गरि स्वीकृतिको लागि नेपाल राष्ट्र बैक समक्ष पेश गरिसकेको जनाएको छ । सिन्धु बिकास बैक सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, मकवानपुर र चितवन गरि ५ जिल्लामा कार्यक्षेत्र रहेको क्षेत्रियस्तरको बिकास बैक हो । बैकले हाल २६ वटा शाखा कार्यालय मार्फत आफ्नो सेवा दिईरहेको छ । बैकको प्रमुख कार्यकारी अधिकृतमा गत पुस महिनादेखि वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट सुरेश देवकोटा रहेका छन् ।

### नागरिक लगानी कोषका सहभागीलाई प्रतिफल



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले बचत वृद्धि अवकाश कोष कार्यक्रमका सहभागीहरूको खातामा जम्मा भएको रकममा एक प्रतिशतका दरले एक अर्ब ५२ करोड रूपैयाँ प्रतिफल प्रदान गरेको छ ।

कोष सञ्चालक समितिको बैठकले २०८१ असार मसान्तमा कोष मौज्दात रहेका सहभागीहरूलाई २०८० चैत मसान्तसम्मको कोष मौज्दातमा कुल सञ्चित मुनाफाबाट उक्त प्रतिफल प्रदान गर्ने निर्णय गरेको हो । बचत वृद्धि अवकाश कोषका सहभागीहरूको खातामा कोषले प्रदान गरेको थप रकम जम्मा भइसकेको छ । यसअघि पनि कोषले थप प्रतिफल प्रदान गर्दै आइरहेको छ ।

### भिभो वाई–२९ स्काइवाक टावरमा सार्वजनिक

**काठमाडौं (प्रस)–** विश्वप्रसिद्ध प्रविधि ब्रान्ड भिभोले आफ्नो नयाँ स्मार्टफोन भिभो वाई-२९ लाई काठमाडौंको स्काइवाक टावर, कमलादीमा एक भव्य समारोहका साथ प्रमुख मिडियाहरू र ईनफ्लुन्सेरहरूको उपस्थितिमा आधिकारिक रूपमा सार्वजनिक गरेको छ ।

स्काइवाक टावरमा आयोजित समारोहले ६५०० एमएएच क्षमताको ब्याट्री लाई मुख्य विशेषता स्वरूप उजागर गऱ्यो । भिभोको ब्लु वल्ट टेक्नोलोजीले सुसज्जित यो फोनले लामो समयसम्म सहज प्रयोग सुनिश्चित गर्छ । ४४ वाट फ्ल्यास चार्जको साथमा ४८०० एमएएच सम्मको रिभर्स चार्जिङ, साथै ईमरजेन्सी पावर सेभिङ मोडको सहायताले १ ५ ब्याट्रीमा पनि आवश्यक सम्पर्क कायम राख्न सक्षम बनाउँछ । साथै, ५ वर्षसम्मको ब्याट्री ग्यारेन्टीले प्रयोगकर्तालाई दीर्घकालीन सन्तुष्टि दिन्छ ।



भिभो वाई-२९ को डिजाइन पक्षमा पनि नयाँपन देखिन्छ । थ्रीडी कर्भ्ड ब्याकप्लेट र मेटालिक हाई-ग्लस फ्रेमले स्टाइल र समात्न सजिलोपन दुबै प्रदान गर्छ। नोबल ब्राउन र एलीगन्ट ह्वाइट रंग विकल्पमा उपलब्ध यो फोनमा डायनामिक लाइटसहितको आकर्षक क्यामेरा मोड्युल छ, जसले फोटो तथा भिडियो अनुभवलाई नयाँ उचाइमा पु-याउँछ । फोनमा प्रयोग गरिएको शट अल्फा ग्लासले यसलाई ड्रप, डस्ट र स्प्ल्यास प्रूफ बनाउँछ – चाहे त्यो बाइकमै यात्रा गर्दा होस्, समुद्रकिनारमा घुम्दा होस् वा आकस्मिक पानी पोखिँदा होस् । प्रदर्शन र फिचरको संयोजनमा भिभो वाई-२९ अत्यन्तै प्रभावशाली छ । ८ + ८ जि बी को विस्तारित ऱ्याम र २५६ जि बी स्टोरेजले गर्दा मल्टिटास्किंग झन्झटरहित मल्टिटास्किंगको सुनिश्चित गर्छ ।

१२० हर्ट्ज रिफ्रेश रेट, १००० निट्ससम्मको ब्राइटनेस, र टीयूभी राइनल्याण्ड लो ब्लू लाइट डिस्प्ले र ४०० प्रतिशत अडियो बुस्ट सहितको डुअल स्टीरियो स्पिकरजस्ता फिचरहरूले तपाईंको मनोरञ्जनलाई अझ जीवन्त बनाउँछ । फोटोग्राफीप्रेमीका लागि, भिभो वाई-२९ मा ५० एमपी एचडी मुख्य क्यामेरा छ । एआई- ईरेज र एआई-फोटो ईनह्यान्समेन्टजस्ता स्मार्ट टुल्सले सम्पादनलाई अझ सहज बनाउँछ । साथै, एआई- सुपर लिंक, सर्कल टु सर्च र स्क्रिन ट्रान्सलेसन जस्ता स्मार्ट फिचरहरूले दैनिक प्रयोगलाई अझ सहज र प्रभावकारी बनाउँछन् । भिभो वाई-२९ अहिले नेपालभरिका सबै रिटेल स्टोरहरूमा र दराज अनलाइनमा उपलब्ध छ । यसको प्रारम्भिक मूल्य रु. २४,९९९ राखिएको छ । सशक्त ब्याट्री, मजबुत बनावट र स्मार्ट फिचरहरूसहितको भिभो वाई-२९ एक यस्तो स्मार्टफोन हो, जसले प्रदर्शन, सौन्दर्य र दीर्घकालीन प्रयोगको आदर्श संयोजन प्रदान गर्छ ।

# सामान्य अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक सात दशमलव ७५ अंकले घटेर दुई हजार छ सय ९८ दशमलव २८ को बिन्दुमा कायम भएको हो । विभिन्न तीन सय १९ कम्पनीका दुई करोड १२ लाख तीन हजार सात सय ६६ कित्ता सेयर ७८ हजार छ सय ७८ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ७७ करोड ५७ लाख २० हजार दुई सय ९३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ०६, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव १७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३ र म्युचुअल फन्ड शून्य दशमलव ४४ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८५, वित्त एक दशमलव ०३, जीवन बीमा शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव १५, व्यापार एक दशमलव ५२ र अन्य समूह एक प्रतिशतले घटेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनएमबी हाइब्रिड फन्ड-२ को सेयर मूल्य सात दशमलव ९० प्रतिशत छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आज सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रू ५३ करोड ९९ लाख १८ हजार एक सय ७४ बराबरको १५ लाख ९० हजार दुई सय पाँच कित्ता सेयर खरिदबिक्री भएको छ ।

मजदुरको हकहित संरक्षण गरौं

- श्रमिकका लागि स्वस्थ्य, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रूपको अन्त्य गरौं ।
- मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं ।

सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ